# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८१।०१।०९

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघ थाहा सञ्चार प्रतिष्ठान शाखाका राष्ट्रिय परिषद् सदस्य निरा श्रेष्ठ 'निरु' को उपचारको क्रममा महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा ४० वर्षको अल्पायुमै निधन भएको दु:खद् खबरले नेपाल पत्रकार महासंघ स्तब्ध भएको छ ।

केही समयदेखि जिब्रोको क्यान्सरबाट पीडित श्रेष्ठको एक सातादेखि उक्त अस्पतालमा उपचारत भई रहेकोमा उपचारकै क्रममा वैशाख ६ गते बिहीबार निधन भएको हो । स्वर्गीय श्रेष्ठका श्रीमान र एक छोरी हुनुहुन्छ ।

झण्डै दुई दशकदेखि पत्रकारितामा सक्रिय श्रेष्ठ वि. सं. २०६४ सालमा हेटौडामा स्थापित रेडियो थाहा सञ्चार ९९.६ मेगाहर्जमा सुरुदेखि नै आवद्ध रहेर काम गर्नुभएको थियो । वि. सं. २०७२ सालदेखि काठमाडौंको रेडियो थाहा सञ्चार नेटवर्क ९९.४ मेगाहर्जमा आवद्ध रही पछिल्लो डेढ दशकदेखि युवालक्षित कार्यक्रम निर्माण र सञ्चालकका रूपमा कार्यरत हुनुहुथ्यो । त्यस दौरान श्रेष्ठले चितवन र वीरगञ्जको विभिन्न रेडियोमा समेत काम गर्नुभएको थियो । श्रेष्ठको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक कुशल र जुझारु महिला रेडियोकर्मी गुमाउनुका साथै महासंघले सक्रिय सदस्य गुमाएको छ ।

नेपाल पत्रकार महासंघ स्वर्गीय श्रेष्ठप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामनासहित गहिरो समवेदना प्रकट गर्दछ ।

रोसन पुरी
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email: fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org